कुण्डलदेवी बहुउद्देश्यीय सहकारीको नाफा ९ लाख नाघ्यो । पृष्ठ ६ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, ● अंक-२५ ● २०७९ पुस १८ गते सोमबार, ● 02 Jan. 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## 'थाहा गोल्डकप फुटबल' २६ पुसबाट हुने

◆ विकास संवाददाता

मकवानपुर थाहानगरको सर्वाधिक पुरस्कार राशीको 'थाहा गोल्डकप फुटबल प्रतियोगिता' यहि २६ पुसबाट इन्द्रायणी चौरको खेल मैदानमा सुरू हुने भएको छ । थाहा आन्दोलनका प्रणेता स्वर्गिय रूपचन्द्र विष्टको जन्मोत्सव पारेर थाहा नगरपालिकाको आयोजना गर्ने प्रतियोगिताको यो चौथो संस्करण हो ।

चौथों संस्करणको प्रतियोगितामा १६ टिमको सहभागिता रहने आयोजक थाहा नगरपालिकाले जनाएको छ । १० दिनसम्म संचालन हुने प्रतियोगिताको लागि टिम दर्ता गर्न आव्हवान गर्दै आयोजकले दर्ता शुल्क प्रति टिम १२ हजार र कार्ड डिपोजिट ३ हजार शुल्क तोकेको छ । अघिल्ला वर्षहरूमा १ लाख रहेको पुरस्कार यसवर्षबाट २ लाख पुऱ्याइएको छ । उपविजेताले भने नगद १ लाख पुरस्कार पाउने छन् । यसका साथै विजेता तथा उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र र प्रत्येक म्याचमा ुम्यान अफ दि म्याचु घोषणा तथा विधागत उत्कृष्ट खेलाडीहरूलाई नगद तथा प्रमाणपत्र प्रदान गरिने थाहानगर खेलकुद विकास समितिका सदस्य सचिव अनिल लामिछानेले जानकारी दिए ।

यसअघिका वर्षहरूमा संचालन भएका प्रतियोगिता २५ हजार दर्शकले भौतिक उपस्थितिमा तथा ५ लाख दर्शकले अनलाइनमा प्रतियोगिताको लाइभ प्रसारण अवलोकन गरेका थिए । राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका खेलाडीहरूको सहभागिता रहने प्रतियोगितामा काठमाडौं, धादिंङ, हेटौडा, चितवन, सिमरालगायतका क्षेत्रका टिमले भाग लिदै आइरहेको खेलकुद विकास समिति थाहानगरका सदस्य यादवजंग रायमाझीले जानकारी दिए ।

थाहा गोल्डकप फुटबलका माध्यमबाट उत्पादित स्थानीय खेलाडीहरूले जिल्ला प्रदेश र राष्ट्रियस्तरमा आफ्नो पहिचान गराउनको निम्ति प्रतियोगिताले मद्दत मिल्ने समितिका सदस्य सचिव लामिछानेले बताए । उनका अनुसार– 'थाहा गोल्डकपका कारण मकवानपुर जिल्लालाई खेलको माध्यमबाट परिचित गराउन समेत सहयोग पुऱ्याएको छ, आगामी दिनमा राष्ट्रिय स्तरको टिममा थाहा नगरपालिकाको समेत प्रतिनिधित्व हुने वातावरण बनाउन सफल हुनेछ ।'

## सुन्दरीदेवी माविलाई शिक्षक भलिबलको उपाधि

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरस्तरीय अन्तर विद्यालय शिक्षक भलिबल प्रतियोगिताको उपाधि आयोजक सुन्दरीदेवी माध्यमिक विद्यालय डाँडाबासले हात पारेको छ । प्रतियोगितामा स्वच्छन्द भैरब माध्यमिक विद्यालय चित्लाङलाई पछि पार्दै सुन्दरीदेवीले उपाधि चुमेको हो ।

प्रतियोगितामा विजयी भएसंगै आयोजक सुन्दरीदेवीले नगद तीस हजार, शिल्ड मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ । त्यस्तै द्वितीय हुने स्वच्छन्द भैरव माविले नगद २० हजार, तृतीय हुने सरस्वती विद्या मन्दिर बज्रवाराहीले नगद १० हजार शिल्ड मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ । प्रतियोगितामा जनकल्याण मावि सान्त्वना भएको छ । जनकल्याणले नगद ५ हजार पुरस्कार पाएको छ ।

खेलमा सुन्दरीदेवीका शिक्षक प्रकाश बहादुर चन्द उत्कृष्ट खेलाडी घोषित भए भने स्वच्छन्द भैरवका पिताम्बर घिमिरे उत्कृष्ट स्पाइकर र उत्कृष्ट सेटर सुन्दरीदेवीकै प्रताप सिंह गोले घोषित भए । सुन्दरीदेवी माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बिनायक गोलेको अध्यक्षतामा सम्पन्न समापन समारोहमा थाहा नगरपालिकाका प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यता तथा उपप्रमुख भरत गोपालीको विशिष्ट आतिथ्यता रहेको थियो । विजयी तथा उपविजयी टिम तथा खेलाडीहरूलाई प्रमुख अतिथी तथा विशिष्ट अतिथीहरूले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।

थाहा नगरपालिकाको आर्थिक सहयोग तथा सुन्दरीदेवी माविको आयोजनामा भएको प्रतियोगितामा थाहा नगरपालिकाका १२ वटा विद्यालय सहभागी थिए । प्रतियोगिता तीनदिनसम्म संचालन भएको थियो ।

# जनकल्याण माविलाई थाहा नगरस्तरीय राष्ट्रपति रनिङ शिल्डको उपाधि



विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिकामा संचालन भएको नगरस्तरीय राष्टूपति रनिङ शिल्डको उपाधि जनकल्याण माविले हात पारेको छ । थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको जनकल्याण माविले १५ स्वर्ण, ९ रजत र ५ कास्य पदक सहित राष्टूपति रनिङ शिल्डको उपाधि हात पारेको हो । जनकल्याण साविक विजेता विद्यालय हो ।

प्रतियोगितामा १५ स्वर्ण, ९ रजत, ५ कास्य सहित प्रथम, ५ स्वर्ण, ३ रजत र ४ कास्यसहित सुनौला मावि दोश्रो तथा ४ स्वर्ण, ४ रजत २ कास्यसहित बज्रवाराही मावि तेश्रो भएका हुन् । झम्केश्वरी माविले ४ स्वर्ण, २ रजत र ४ कास्य पदक प्राप्त गरेको छ । नाट्यश्वर माविले ३ स्वर्ण, २ रजत सहित ३ कास्य, स्वच्छन्दभैरव माविले ३ स्वर्ण, १ रजत, ५ कास्य, बागेश्वरी माविले १ स्वर्ण, ९ रजत, ८ कास्य, मत्स्यनारायण माविले १ स्वर्ण, ३ रजत, १ कास्य, इअन एकेडेमीले १ स्वर्ण, १ रजत १ कास्य, सुन्दरीदेवी माविले १ स्वर्ण, १ रजत, इन्द्रायणी माविले १ रजत १ कास्य पदक प्राप्त गर्दा सरस्वती विद्या मन्दिर, पालुङ भ्याली हार्ट र सरस्वती माविले कुनै पदक प्राप्त गर्न सकेनन् ।

जनकल्याण माविले एथलेटिक्सतर्फ प्रथम स्थान हासिल गर्दा कराते विधामा पनि प्रथम स्थान हासिल गर्यो। त्यस्तै एथलेटिक्सतर्फ नै सुनौला मावि दोश्रो तथा झम्केश्वरी मावि तेश्रो भए । करातेतर्फ बज्रवाराही मावि दोश्रो तथा स्वच्छन्दभैरव मावि तेश्रो भए भने छात्रा कबडी तर्फ जनकल्याण मावि प्रथम, मत्स्यनारायण मावि दोश्रो तथा इन्द्रायणी मावि र स्वच्छन्द भैरव मावि तेश्रो भए । छात्र कबड्डीतर्फ बज्रवाराही मावि प्रथम, इन्द्रायणी मावि दोश्रो र स्वच्छन्द भैरव मावि र बागेश्वरी मावि तेश्रो भए ।

थाहानगरको बज्रवाराही माविमै भएको पाँचौं संस्करणको मेयरकप भलिबल प्रतियोगिताको उपाधी स्वच्छन्दभैरव माविले हात पारेको छ । स्वच्छन्दले फाइनलमा जनकल्याण माविलाई पराजित गर्दै उपाधी हात पारेको हो। भलिबलमा जनकल्याण दोश्रो हुँदा मत्स्यनारायण माविले तेश्रो स्थान हातपार्यो। छात्र भलिबल तर्फ स्वच्छन्दका इनेश बलामी वेस्ट स्पाइकर, स्वच्छन्दकै प्रवीण बलामी बेस्ट लिफ्टर घोषणा हुँदा जनकल्याणका सुदिप तामाङ वेस्ट डिफेन्डर बन्न सफल भए । त्यसैगरी छात्रा भलिबल तर्फको उपाधी मत्स्यनारायण माविले जित निकाल्दा सुन्दरीदेवी माविले उपविजेतामा चित्त बुझाउनु पर्यो । प्रतियोगितामा जनकल्याण माविले तेश्रो स्थान हातपार्यो छात्रा भलिबलमा मत्स्यनारायण माविकी छात्राहरू वेस्ट प्लेयर निशा स्याङ्तान, वेस्ट स्पाइकर रेविका स्याङ्तान र बेस्ट सेटर बिना घलान घोषित भइन् ।

विजेता तथा उपविजेता विद्यालय र विद्यार्थीलाई प्रमुख अतिथी थाहा नगरपालिकाका प्रमुख विष्णु विष्टले शिल्ड, मेडल, प्रमाणपत्र तथा टूफी प्रदान गरेका थिए । थाहा नगरपालिका खेलकुद विकास समिती संयोजक टिकाराम स्याङ्तानको अध्यक्षतामा सम्पन्न समारोहमा नगर प्रमुख विष्ट, थाहा नगर शिक्षा समिति संयोजक तथा वडा नम्बर ६ का अध्यक्ष राजनभक्त श्रेष्ठ, वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, थाहानगर शिक्षा शाखाका अधिकृत माधवबिक्रम मल्ल, बज्रबाराही मावि व्यवस्थापन समितिका अध्यक्ष कल्पना बलामी, संस्थापक अध्यक्ष कृष्णभक्त श्रेष्ठलगायत विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्षहरू, विभिन्न संघ संस्थाका प्रतिनिधि, सहभागी विद्यालयका प्रधानाध्यापक, खेलाडी, खेल शिक्षक तथा विद्यार्थीहरूको उपस्थिती रहेको थियो ।

समापन समारोहलाइ सम्बोधन गर्दै प्रमुख अतिथी विष्टले स्थानीयस्तरमा रहेका खेलाडीको क्षमता अभिवृद्धिका लागि नगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन गरिएको बताए। उनले भने,–'हामीले नगरपालिकामा रहेका खेलाडीको प्रतिभा पहिचान र क्षमता अभिवृद्धिका लागि प्रतियोगिता सञ्चालन गरेका हौं ।' यही पुस ८ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा नगरपालिकास्थित १४ वटा माविको सहभागिता रहेको थियो । प्रतियोगिताको व्यवस्थापन जिम्मा पाएको बज्रवाराही माविका प्रधानाध्यापक रमेशमान डंगोलले सबैलाई धन्यवाद व्यक्त गरेका थिए ।



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७९ पुस १८ गते सोमबार, 02 Jan. 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## • सम्पादकीय •

# खेलकुद विकासको सवाल

मकवानपुर थाहा नगरपालिकामा चारवर्षा वर्षौनि मेयरकप भलिबल तथा उपमेयरकप ब्याडमिन्टन प्रतियोगिता आयोजना गर्दै आएको छ । मेयरकप भलिबल प्रतियोगिता सम्पन्न भएको छ । यसमा खेलाडी मात्र होइन, आम दर्शकको पनि निकै उत्साह देखिएको छ । विद्यालयहरुलाई लक्षितगरी आयोजना गरिएको यस प्रतियोगितामा प्रतिस्पर्धा र यसको अवलोकनका लागि सहभागी दर्शक दुबैको रहरलाग्दो उत्साह देखिएको छ । यसबाट के बुझ्न सकिन्छ भने स्थानीय तहले थोरै लगानी गर्दा पनि खेल क्षेत्रमा उत्साह सिर्जना हुँदोरहेछ । यसले एकातिर स्थानीयस्तरमा लुकेर बसेका खेल प्रतिभाको प्रस्फुटन गर्न सहयोग गरेको छ भने अर्कोतिर दर्शकको उत्साहले खेल पर्यटनको पनि राम्रो सम्भावना उजागर गरिरहेको छ ।

नेपालमा खेल क्षेत्रको विकास गर्न एकातिर खेलाडी उत्पादनको नीति लिनुपर्छ भने अर्कोतिर खेल पर्यटनको विकासका लागि नेपाली माटोअनुकूल खेल प्रतियोगितामा जोड दिनुपर्छ । विगतमा खेलाडी र खेल क्षेत्रका सरोकारवालाहरुको मात्रै आकर्षण देखिने खेल क्षेत्रमा अहिले आम दर्शकको समेत चासो बढ्न थालेको छ । एउटा पालिकाले स्थानीय स्रोत साधनको प्रयोग गरेर आयोजना गर्ने साना प्रतियोगितामा सयौं दर्शकको सहभागिता हुन्छ भने राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेल आयोजना गर्दा निश्चय नै खेल पर्यटनको ठूलो सम्भावना छ । केही समयअघि कतारमा भएको विश्वकप हेर्न नेपालबाट समेत ठूलो संख्यामा दर्शकहरु गएको घटनाबाट पनि नेपालीहरुमा खेल पर्यटनप्रतिको आकर्षण बढ्दै गएको देखिन्छ । यही आधारमा पनि के भन्न सकिन्छ भने नेपालमा खेल पर्यटनको राम्रो सम्भावना छ । हामीले खेल क्षेत्रको विकास गर्न स्थानीयस्तरमा लुकेर रहेका वा सम्भावना बोकेका खेल प्रतिभाको खोजी गर्ने सवालमा ध्यान दिनुपर्छ । खेल साहस, उत्साह र संघर्षमा आधारित विधा हो । नेपालीहरुले जसरी विश्व समुदायमा बहादुर र साहसीको रुपमा आफूलाई चिनाउन सफल भएका छन्, यो कोणबाट हेर्दा राम्रो योजनाका साथ खेल क्षेत्रको विकास गर्ने हो भने नेपाली खेलाडीले पनि विश्व समुदायमा पृथक पहिचान स्थापित गर्न सक्छन् । यसका लागि जतिसक्यो धेरै स्थानीयस्तरबाट खेल प्रतिभाको खोजी गर्नु आवश्यक छ । त्यसका लागि हरेक ठाउँमा समुदायस्तरका प्रतिस्पर्धामा जोड दिनुपर्छ । त्यसप्रकारका प्रतिस्पर्धाका लागि या स्थानीय तहहरुले जिम्मा लिएर नियमित खेल प्रतियोगिता चलाउनु आवश्यक छ या त विद्यालय तहमा जतिसक्यो धेरै खेल प्रतियोगिताहरु सञ्चालन गर्नुपर्दछ । त्यसबाट छानिएका खेलाडीलाई जिल्ला, प्रदेश हुँदै राष्ट्रिय प्रतिस्पर्धामार्फत अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि तयार पार्न नियमित प्रशिक्षण आवश्यक छ ।

कतिपय यस्ता प्रतिभा हुन्छन्, जसले खेल क्षेत्रबाटै आफूलाई अघि बढाउन चाहन्छन् । त्यस्ता प्रतिभाका लागि विद्यालय तहदेखिकै कोर्षमा खेल विषय समावेश गरेर खेलकूद विश्वविद्यालयबाट उच्च शिक्षा अध्ययन गर्ने वातावरण मिलाउन आवश्यक छ । जो विद्यार्थी आफूलाई सम्पूर्णरुपमा खेल क्षेत्रमा समर्पित गर्न चाहन्छ, उसलाई अन्य एकेडेमिक कोर्ष पढाएर समय खेर फालिदिनुभन्दा खेल विश्वविद्यालयबाट उच्च शिक्षा अध्ययन गर्ने वातावरण मिलाउने हो भने खेलाडी उत्पादनमा पनि टेवा पुग्छ र खेलाडीको उच्च शिक्षाले पनि सुनिश्चितता पाउनसक्छ । खेलको विकास समुदायस्तरबाटै सम्भव भएकाले सबै स्थानीय तहले यसको नेतृत्व लिइदिए मात्रै पनि उल्लेख्य सुधार आउने छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# असीको दशकमा सहकारी



रामचन्द्र उप्रेती

*असीको दशकको पहिलो आधा समय सहकारीमा राम्रै गोडमेल हुनेछ । गलत सोच र आचरण भएका व्यक्तिले सञ्चालन गरेका सहकारी सकिन्छ सुधार्नुपर्छ, सकिंदैन विघटन र विसर्जन हुन छाडिदिनुपर्छ ।*

नेपालको सहकारी अभियानले आवरणमा जुन उचाइ प्राप्त गरेको छ त्यो वास्तविक हो कि होइन भन्ने प्रश्न उठेको छ । आवरणमा हेर्दा नेपालको सहकारी अभियानका वितेका ३० वर्ष (२०४९-२०७९) लाई फर्केर हेर्दा निकै उचाइमा पुगेको भान हुन्छ । २०५४ सालमा नेपालले अन्तर्राष्ट्रिय सहकारी महासंघ (आईसीए) को सदस्यता प्राप्त गरेको हो । त्यसयता नेपालले क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको सहकारी अभियानले राम्रो उपस्थिति देखाउन सकेको छ । आईसीएको बोर्ड सदस्यसम्म भइसकेको नेपालको सहकारी अभियानले क्षेत्रीय मञ्चमा त नेतृत्व र पदाधिकारीमा समेत उपस्थिति जनाइसकेको छ ।

यो ३० वर्षमा देश बाहिर नेपाली सहकारीले राम्रै प्रभाव पार्न सफल भयो । देशभित्र भने सहकारीको वास्तविक विकास सन्तोषजनक छैन भन्दा अत्युक्ति हँदैन । यो अवधिमा सहकारीको विकासका लागि दुई पटक ऐन बन्यो (सहकारी ऐन, २०४८ र सहकारी ऐन, २०७४) । दुवै पटक नियमावली आयो । सहकारी मन्त्रालय नै गठन भयो ।

यति मात्रै होइन, अन्तरिम संविधान २०६४ र नेपालको संविधान २०७२ मा नेपालको अर्थतन्त्र तीनखम्बे (सरकारी, निजी र सहकारी) हुने भनेर लेखियो । सहकारी क्षेत्रमा कानुनलाई कार्यान्वयन गर्न र गराउन शक्तिशाली सहकारी विभाग बनाएर रजिष्ट्रारलाई अधिकार दिइयो ।

अनि देश संघीयतामा गएसँगै सहकारीका संरचनालाई पनि संघीयतामा लगियो । पालिका, प्रदेश र संघको गरी तीनै तहका सरकारले सहकारीलाई प्राथमिकतामा राख्ने गरी संरचना बनाइए । मुलुकभर ३३ हजार प्रारम्भिक सहकारीहरू बने । प्रारम्भिक सहकारी संस्थालाई नेतृत्व गर्न जिल्ला-जिल्लामा विषयगत र जिल्ला संघ बन्यो । राष्ट्रिय सहकारी संघ र केन्द्रीय विषयगत संघहरू बने । देश संघीयतामा गएसँगै प्रदेशस्तरमा पनि प्रदेश संघहरू बने ।

यता सहकारी क्षेत्रको मात्रै कारोबार गर्ने गरी राष्ट्रिय सहकारी बैंक बन्यो । अनगिन्ती सहकारी अभियन्ता र सहकारी नेताहरूको उदय भयो । करिब ८० लाख मानिस सहकारीका सदस्य बनेको, खर्बौंको पूँजी परिचालन गरेको, दशौं हजारलाई प्रत्यक्ष रोजगारी दिएको अवस्था छ ।

यति मात्रै होइन कि बचत गर्न सिकाएको, सहजै कर्जा उपलब्ध गराएर धेरैको खाँचो, साह्रो-गाह्रो टार्नेदेखि थुप्रैलाई व्यवसायी बनाएको जस सहकारी अभियानलाई छ । यसका अतिरिक्त महिला सशक्तीकरण, सामाजिक एकता र नेतृत्व विकासमा पनि सहकारीको उल्लेख्य योगदान छ । तर यति उपलब्धि हुँदाहुँदै पनि सहकारी क्षेत्रमा राम्रो भन्दा नकारात्मक चर्चा धेरै सुनिन्छ ।

### यस्तो किन हुन पुग्यो ?

(क) हाम्रो समाजमा सञ्चार माध्यमले राम्रो के भयो भन्ने विषयलाई खासै समाचार बनाउँदैनन् । नराम्रो के के भयो त्यो प्रमुख समाचार बन्ने गरेको छ । पाठकले पनि यस्तै सूचना मनपराएको कारण यस्ता नकारात्मक समाचार नै धेरै बिकाउ छन् ।

(ख) विगत तीस वर्षमा राज्य कमजोर भयो, अर्थात् राज्यलाई कमजोर पारियो । आन्तरिक द्वन्द्व र राजनीतिक अस्थिरताका कारण राज्यका सबै क्षेत्रमा सुशासनको अभाव हुनपुग्यो । भएका कानुनको समेत सबल कार्यान्वयन हुन सकेन । यो कमजोरीको फाइदा उठाउँदै केही धूर्त मानिसले सहकारीलाई सजिलो कमाइको माध्यम बनाए ।

यसमा सहकारीका नेता, सञ्चालक, नियामक निकाय सबै मुछिएका छन् । जसले जति सक्छन् सहकारीको नाममा लुट मच्चाउने छुट पाइरहे । यस कारण थुप्रै सहकारी आकारमा ठूला र चमकधमक कारोबार गर्ने गरेको देखिए पनि ती केही सीमित धूर्त व्यक्तिको कमाउने साधनमा सीमित हुन पुगे । जसको कारण धेरै सामान्य मानिस सहकारीको नाममा ठगिए ।

(ग) सहकारीलाई बुझ्दै नबुझी सहकारी चलाउन तम्सेका मानिस सहकारीका सञ्चालक भए र सिक्नभन्दा आफूले मनलागी सहकारी सञ्चालन गर्न पुगे । यस्ता सञ्चालक भएका कतिपय सहकारीहरू सञ्चालकको नियत खराब नभए पनि संस्थाले वित्तीय सन्तुलन गुमाउन पुग्यो र अन्त्यमा सहकारीका सदस्य नै पीडित बन्न पुगे ।

(घ) सहकारीका संघहरू (जिल्लादेखि केन्द्रसम्म) सहकारीको मूल मर्मअनुरूप गठन र पुनर्गठन हुन सकेनन् । त्यसमा अत्यधिक राजनीतीकरण हुनपुग्यो । जसकारण सहकारी नै नबुझेका, सहकारीको मर्मलाई आत्मसात् नगरेका, सहकारीलाई सदस्यको हितमा नभई आफ्नो निहित स्वार्थ पूरा गर्न सञ्चालन गरेका, सहकारी संस्था सञ्चालनै नगरेका, धेरैजसो डुबन्ते र बन्द भएका सहकारीका प्रतिनिधि सहकारीका नेता बन्न पुगे ।

(ङ) सरकारले सहकारीलाई दर्ता गरिदिने र छाडिदिने काम गर्‍यो । सीमित साधनस्रोत र जनशक्तिले यसको नियमन र व्यवस्थापन गर्न सम्भव थिएन र भएन ।

(च) नियामक निकाय भित्रैबाट सहकारीका तमाम विकृतिप्रति आँखा चिम्लिएर यसलाई शुभ-लाभको माध्यम बनाउने गरेको कारण सहकारीको दुरूपयोग गरेर कमाउने धन्दामा लागेकालाई छुटमाथि छुट हुँदै गयो ।

यी र यस्ता कारणले सहकारीमा अपराध गर्ने मानिस दण्डित हुनु परेन र सहकारीमा बेथिति एकपछि अर्को झाङ्गिँदै गयो । यो कारण धेरै सर्वसाधारण सहकारीको सदस्य भएर पीडित हुनपुगे । यसकारणले सहकारीले पुर्‍याएको राम्रो योगदान समेत ओझेलमा पर्न गयो ।

### अब के हुन्छ ?

मेरो बुझाइमा असीको दशकको पहिलो आधा समय सहकारीमा राम्रै गोडमेल हुनेछ । सहकारी अभियानमा भएका बेथिति, खराबी, समस्या जेजति छन् ती व्यक्तिका गलत सोच, गलत आचरण र अज्ञानताका कारण उत्पन्न परिणाम हुन् । गलत सोच र गलत आचरण भएका व्यक्तिले सञ्चालन गरेका सहकारी सकिन्छ सुधार्नुपर्छ, सकिंदैन भने विघटन र विसर्जन हुन छाडिदिनुपर्छ ।

अहिले विश्वव्यापी रूपमा देखिएको आर्थिक मन्दीले यसलाई सघाइरहेको छ । खराबहरूको अन्त्य जति चाँडो हुन्छ राम्रो गर्नेहरूका लागि त्यति अनुकूल हुन्छ । समुदायमा आधारित र सदस्यको हितमा सञ्चालित सहकारीहरूले अझै बढी काम गरेर सहकारीको महत्त्व, समस्या, आफ्नो संस्थाको अवस्था आदिका बारेमा सदस्य र समुदायलाई सूचित गरेर संस्थालाई वित्तीय एवम् आर्थिक हिसाबले मात्रै होइन भावनात्मक रूपमा संस्था र सदस्यको सम्बन्ध पनि बलियो बनाउनुपर्छ ।

यो समयमा आउने संकटबाट संस्थालाई बचाएर सबल र सुदृढ बनाउनुपर्छ । सहकारी-सहकारीको एकतालाई मजबुत बनाउन, अनुभवको आदानप्रदान गर्न, समस्याको पहिचान र समाधान गर्न सहकारीका संघहरूमा व्यावसायिक मानिसलाई प्रतिनिधित्व गराएर वा गरेर सहकारी अभियानलाई सबल बनाउन सकिन्छ ।

संकटको बेला कमजोरहरू ढल्छन्, यो प्राकृतिक नियम हो । यस्तो बेलामा होशियार हुनु अहिलेको आवश्यकता हो । प्रतिकूलतालाई सजिलै झेल्न सक्ने स्वस्थ, निरोगी र समयको आवाजलाई सुन्न सक्ने संस्थाहरू सुदृढ एवम् विश्वसनीय भएर अगाडि बढ्नेछन् ।

असीको दशकको पहिलो चार-पाँच वर्षको प्रतिकूलतापछि विश्वसनीय र स्वस्थ सहकारीका लागि अनुकूलता थपिनेछ । सहज वातावरण बन्नेछ । सहकारीसँग तर्सिएका मानिसले पनि सहकारी के हो धेरथोर बुझ्ने मौका पाउनेछन् । वास्तविक सहकारी छानेर सदस्य बन्ने र कारोबार गर्नेछन् ।

सहकारीलाई कमाइखाने भाँडो बनाउने सहकारीका ठगहरूलाई धेरैले चिन्नेछन् । तीमध्येका केही जेलमा हुनेछन्, केही सुटुक्क सहकारी छाडेर भाग्नेछन् । केहीलाई समाजले माफी दिएको हुनेछ । यो पछिको नेपालको सहकारी अभियान पनि वास्तवमा नै आवरणमा देखिए जस्तै व्यापक हुँदै जानेछ । व्यावसायिक बन्नेछ ।

सहकारी अभियानमा लागेका वास्तविक सहकारी अभियन्ताहरू समाजमा सम्मानित हुने अवस्था आउनेछ । सहकारी जसलाई आवश्यक छ उनीहरूको भरोसा र आस्थाको केन्द्र बन्दै जानेछ । जब समाजमा वास्तविक सहकारीहरूले आर्थिक र सामाजिक गतिविधि बढाउँदै लैजान सहज हुन्छ त्यस्तो समाज समुन्नत एवं समृद्ध हुने यात्रामा अगाडि बढ्नेछ ।

*(-उप्रेती सहकारी अभियन्ता हुन् ।)*

# गर्भावस्थामा नरिवल पानी पिउँदा सुन्दर बच्चा जन्मिन्छ ?



गर्भावस्थामा आफ्नो बच्चाप्रति जति उत्सुकता र उत्साह हुन्छ, उत्तिकै भय पनि । भय यसकारण कि कतै बच्चामा कुनै जन्मजात समस्या त देखिने होइन ?

हरेक आमाबुवा चाहन्छन्, आफ्नो बच्चा सग्लो जन्मियोस्, स्वस्थ होस् । तन्दुरूस्त होस् । सही तौलको होस् । र, सुन्दर पनि ।

## गर्भको शिशु कसरी सुन्दर हुन्छ त ?

मान्छेहरू भन्छन्, 'गर्भावस्थामा नरिवल पानी खाँदा बच्चा सुन्दर जन्मिन्छन् ।'

गर्भावस्थामा आमाले जस्तो खानपान गर्छन्, त्यसको सोझो प्रभाव गर्भको शिशुमा पर्छन् भनेका छन् चिकित्सकहरूले । त्यसैले उनीहरूले यस अवस्थामा के खाने र के नखाने भनी निर्देशिका नै तयार गरेका छन् । यस हिसाबले गर्भावस्थामा नरिवल वा नरिवल पानी एकदमै लाभदायक हुने पोषणविद्हरू बताउँछन् ।

'त्यस क्षणमा नरिवल पानी पिउँदा शरीरको तापमान सन्तुलित हुन्छ,' पोषणविद् प्रतीक निरौला भन्छन् । यद्यपि नरिवल पानीकै कारण बच्चा गोरो वा सुन्दर जन्मिन्छन् भन्ने कुरा भ्रम रहेको उनी बताउँछन् ।

## बच्चाको विकासका लागि फाइदाजनक नरिवल पानी

गर्भावस्थामा नरिवल पानीको सेवनले बच्चाको विकास राम्ररी हुन पाउँछ । नरिवलको पानीमा ओमेगा–३ फ्याटी एसिड र क्याल्सियम प्रचुर मात्रामा पाइन्छ, जुन बच्चाको विकासका लागि महत्त्वपूर्ण मानिने निरौला बताउँछन् । नरिवल पानीमा क्याल्सियम, पोटासियम, म्याग्नेसियम र भिटामिन सी प्रचुर मात्रामा पाइन्छ ।

'गर्भावस्थामा नरिवलको पानी पिउनाले गर्भवती महिलाको रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै मिर्गौलाको काममा सुधार ल्याउँछ,' निरौला भन्छन्, 'यसको सेवनले पिसाब नलीको संक्रमणबाट बचाउने र उच्च रक्तचाप कम गर्न पनि सहयोग गर्छ ।'

गर्भावस्थामा कब्जियत एक सामान्य समस्या हो तर नरिवल पानीको सेवनले यसबाट बच्न सकिने उनको सुझाव छ । नरिवलको पानीमा क्यालोरी, ओमेगा–३ फ्याटी एसिड र फाइबर प्रशस्त मात्रामा पाइन्छ, जसले गर्भावस्थामा महिलाको तौल नियन्त्रणमा राख्न मद्दत गर्छ ।

## आमाको खानपानको प्रभाव बच्चामा

गर्भावस्थाको समयमा खानपानमा विशेष ध्यान दिनुपर्छ । गर्भवतीले खाएका खानेकुराबाट नै बच्चाले सम्पूर्ण पोषण प्राप्त गर्छ । बच्चाको शारीरिक र मानसिक वृद्धि विकासमा खानपानको महत्त्वपूर्ण भूमिका हुने निरौला बताउँछन् ।

गर्भावस्थामा आफू र गर्भको बच्चा दुवै जनाका लागि खाना पुऱ्याउनुपर्ने हुनाले अरू बेलाको भन्दा बढी खानु जरूरी हुन्छ । अरू बेला चार पटक खाना खाइन्छ भने गर्भावस्थामा पाँच पटक खानुपर्ने निरौला सुझाउँछन् ।

'गर्भवती महिलाले स्थानीय स्तरमा उपलब्ध हुने सात समूहका विभिन्न खाद्यवस्तुहरू जस्तै अन्न वा जमिनमुनि फल्ने कन्दमूल, गेडागुडी तेलहन, दूध तथा दुग्ध पदार्थ, मासु–माछा अण्डा, भिटामिन पाइने फलफूल र तरकारीमध्येबाट कम्तीमा चार समूहका खानेकुरा खानुपर्छ । यस्ता पोषणयुक्त खानपानले गर्भवती महिला र गर्भको बच्चालाई स्वस्थ राख्न मद्दत गर्छ,' निरौला भन्छन् ।

बच्चा तन्दुरूस्त–कमजोर, ठूलो–सानो जन्मिनुमा खानपानको महत्त्वपूर्ण भूमिका हुन्छ । आमाले खाएको खानेकुराबाट गर्भको बच्चा बाँच्ने हुनाले उनको खाना बढी पोषिलो हुनुपर्छ ।

'आमाले खाएको खानाबाट बच्चाले उचित मात्रामा प्रोटिन, भिटामिन, खनिज पदार्थ क्याल्सियम, फस्फोरस, फलाम र शक्ति पाउँछ,' निरौला भन्छन्, 'जस्तै, खानामा क्याल्सियमको कमी भएमा बच्चाको शरीरको संरचना राम्रो हुँदैन, हाड र दाँत राम्रो बन्दैन, दाँतमा कीरा लाग्छ । त्यसैले गर्भावस्थामा क्याल्सियमयुक्त खानेकुरा बढी खानुपर्छ ।'

# शिशुको कान चिलाए बाबुआमाले के गर्ने ?

शिशुको कान चिलाएमा हामी अक्सर दुई तरिका अपनाउँछौं, इयर वर्डले कोट्याउने र कानमा तेल हाल्ने । यी दुवै तरिका गलत हो । जबकि शिशुमा कान चिलाउने समस्या अधिक हुन्छ । कतिको त कानमा संक्रमण नै हुन्छ । खासमा उनीहरूको कान किन चिलाउँछ ? कान चिलाएमा के गर्ने ?उनीहरूको कानको हेरचाह कसरी गर्ने ? कान सफा गर्नु जरूरी हुन्छ वा हुँदैन ?

## शिशुको कान चिलाएको छ भनेर कसरी थाहा पाउने ?

शिशुहरूले कान चिलाएमा कानमा औंला लैजाने गर्छन् । बारम्बार औंला कानमा लगेपछि उनीहरूलाई कानमा समस्या भएको बुझ्छौं । सामान्यतः चार महिनाको भएपछि शिशुले कानको वरपर औंला लग्ने गर्छन् ।

## शिशुको कान चिलाउने कारण के के हुन सक्छन् ?

शिशुको कान चिलाउने विभिन्न कारण हुन्छ । सबै बच्चामा अलिअलि कानेगुजी हुन्छ । उनीहरूको कानमा तेल हालिदिंदा कानमा भएको कानेगुजी फुल्छ र डम्ब हुन्छ । त्यसपछि कान चिलाउने हुन्छ । धेरै तेल हाल्दा कानमा ढुसी पर्ने पनि गर्छ । त्यस्तै नुहाउँदा कानभित्र पानी पऱ्यो भने पनि कानेगुजी फुलेर डम्ब हुन्छ । संक्रमण पनि एक कान चिलाउने प्रमुख कारण हो । तर संक्रमण भन्दा बढी कानमा तरल पदार्थ हाल्दा कान बढी चिलाउँछ । कहिलेकाहीं चिलाउनु सामान्य अवस्था हो । यदि बारम्बार कान चिलाइरहेको छ र बच्चा रोइरहेको छ भने अस्पतालमा परीक्षण गराउनुपर्छ ।

## कान चिलाएमा एयरबडले सफा गरिदिने, कन्याइदिने तरिका जोखिमपूर्ण

कान चिलायो भनेर बुझ्ने बित्तिकै बजारमा पाउने एयरबड वा हेडपिनले कानेगुजी झिक्न प्रयोग गरिन्छ, जुन गलत हो । बजारमा पाउने एयर बडको आकार र हेडपिनको आकार कानको प्वालको भन्दा सानो छ । त्यसले कोट्याउँदा फोहोर झनै भित्र धकेलिन्छ । र, कान कोट्याउँदा झनै र गत बग्ने दुख्ने पनि हुन सक्छ ।

तर कानको वरपर भएको फोहोर एयरबड पानीमा भिजाएर त्यसको पानी सोसेर कानको प्वालको वरपर सफा गर्न सकिन्छ ।

## कानमा तेल हाल्नु हुँदै हुँदैन

बच्चालाई आँखा, कान र नाकमा तेल नुहाएपछि हाल्दिने गरिन्छ । त्यो बच्चामाथि गरिदिएको अत्याचार हो । उनीहरू झनै त्यसपछि रूने कराउने गर्छन् ।

कानमा तेल पटक्कै हाल्नु हुँदैन । रीतिरिवाजमा माघेसंक्रान्तिमा तेल लगाउनुपर्छ भन्ने छ । त्यो छुट्टै कुरा हो । तर बारम्बार हाल्न हुँदैन । हामी अहिले जान्नेबुझ्ने भइसकेका छौं । बुझ्नेले कानमा तेल हाल्न र हाल्दिन छाडिसके । तर पनि अझै त्यो चलन छ । कानमा तेल हाल्दा कानेगुजी फुलेर डम्ब हुने र ढुसी पर्ने हुन्छ । जसकारण शिशुमा कान चिलाइरहने समस्या हुन्छ ।

## कान सफा गर्ने विधि

कान सफा गरिराख्नु जरूरी नै छैन । हामी बोल्दा र खानेकुरा चपाउँदा कानको पछाडिको ज्याइन हलचल गर्छ । र, कानमा भएको फोहोर आफैं झरेर सफा हुन्छ । त्यसमा जान्ने भएर कानेकुजी कोट्याउँदै कानको बाटो बिग्रिन्छ तब बढी फोहोर हुने र संक्रमण हुन्छ । सयौंमध्ये एक जनामा फोहोर हुन सक्छ । कानको प्वालको बनावटमा समस्या भयो भने उनीहरूमा कानको जटिल समस्या हुन सक्छ । जसको लागि उपचार नै जरूरी हुन्छ ।

## कानमा के कस्तो जटिलता ?

कान पाक्ने, संक्रमण हुने, कानको जाली फुट्नु, कानको हड्डी कुहिने समस्या कानको जटिल रोग हुन् । त्यसबाहेक बारम्बार कान पाक्न थाल्यो, बच्चाको सुन्ने शक्ति कम भयो, कान पाकेर गन्हाउने भयो भने अस्पताल लगिहाल्नुपर्छ । रूघा लागेर पनि कान पाक्ने हुन सक्छ । वर्षमा एकपटक रूघा लागेर कान पाक्यो भने सामान्य हो । तर पटक–पटक कान पाक्यो भने समस्या जटिल बन्न सक्छ ।

## कान कसरी स्वस्थ राख्ने काइदा

कानलाई स्वस्थ राख्न कानमा तेल हाल्नुहुँदैन । यस्तै फोहोर पानीमा नुहाउने, एयरबडले कोट्याउने जस्ता कार्य गर्नुहुँदैन ।

शिशुलाई दूध खुवाउँदा ढल्काएर खुवाउनुपर्छ । ठाडो पारेर दूध खुवाइदिंदा नाकको पछाडिको भागबाट पनि कानमा संक्रमण हुन सक्छ । रूघा लागेमा तुरून्त त्यसको उपचार गर्नुपर्छ । त्यसबाहेक शिशुको अगाडि चुरोट पिउने बानीले पनि कानको संक्रमण हुन सक्छ । डाक्टरको सल्लाहविना कुनै पनि तरल पदार्थ कानमा हाल्नुहुँदैन, यसले झनै समस्या जटिल बन्न सक्छ ।

*–अनलाइनखबरबाट साभार*






# हेटौंडा उपमहानगरको बजेट ३४ करोड बढ्यो, उत्कृष्ट काम गर्ने वडालाई अनुदान पुरस्कार

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाको बजेटमा ३४ करोड रूपैयाँ वृद्धि भएको छ । उपमहानगरले चालु आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेट संशोधन गर्दै वृद्धि गरेको हो । १४ पुसमा भएको १२ औं नगरसभाको बैठकमा उपप्रमुख राजेश बानियाँद्वारा प्रस्तुत संशोधित बजेट अनुसार अब उपमहानगर को बजेट ३ अर्ब ५ करोड रूपैयाँ हुने भएको छ ।

असारमा आर्थिक वर्ष २०७९/०८० का लागि २ अर्ब ७१ करोड ७९ लाख रूपैयाँ बजेट पारित भएको थियो । सरेर आएको योजना भुक्तानीका लागि थप बजेटसहित प्रदेश र संघबाट सरूवा भएर आएका कर्मचारीको व्यवस्थापन, खानेपानीको न्यूनतम महसुल भुक्तानीलगायत विकास निर्माणका योजनाका कारण बजेट बढेको हो । उपप्रमुख बानियाँका अनुसार–'डम्पिङ साइट सुधार, फोहोर व्यवस्थापन उपकरण खरिद, अटो भिलेज तथा कृषि उपज थोक बजार केन्द्रका लागि बजेट व्यवस्थापन गरिएको छ ।' नगरसभामा हेटौंडाको उत्कृष्ट वडाको रूपमा काम गर्ने १४ नम्बर वडालाईं सम्मान गरिएको छ । सो वडाले २० लाख रूपैयाँ नगद अनुदान पुरस्कार पाएको छ । बैठकमा चालु आर्थिक वर्षमा गरिने कामका विषयमा उपमेयर राजेश कुमार बानियाँले समिक्षा समेत प्रस्तुतीकरण गरेका थिए । सभामा हेटौंडा उपमहानगरपालिकाका मेयर मिना कुमारी लामा, उपमेयर राजेश कुमार बानियाँ, प्रमुख प्रशासकिय अधिकृत शिवराज चौलागाँई लगायतकाले




सांसदहरूलाई स्वागत गर्दै मायाँको चिनो समेत दिएका थिए । सभाको उद्घाटन कार्यक्रमको अवसरमा हेटौंडा उपमहानगर पालिकाको विकासका लागि एक भएर लाग्ने मकवानपुरबाट निर्वाचित संघ र प्रदेशसभाका सदस्यहरूले प्रतिवद्धता जनाएका छन् । हेटौंडा उपमहानगरपालिका नगर कार्यालयका कार्यलयको आयोजनामा मकवानपुरबाट निर्वाचित भएका संघ र प्रदेशसभाका सदस्यहरूले यहाँको विकासका लागि दल भन्दा माथी उठेर काम गर्ने प्रतिवद्धता जनाएका हुन् । कार्यक्रमका विशिष्ट अतिथी मकवानपुर क्षेत्र नम्बर–२ का सांसद महेश कुमार बर्तौलाले नगरको विकासमा सबै एक जुट भएर लाग्न आग्रह गर्दै आफुले यस क्षेत्रको विकासका लागि संघीय सरकारबाट पहल गर्ने बताए । यहाँको विकासका लागि बजेटको कमी नभएको बताउँदै उनले भने–'यहाँ बजेटको कमी छैन । तर, गुणस्तरीय काम हुन जरूरी छ । हेटौंडाको हुप्राचौरमा गौरवको आयोजना किन काम हुन सकेन समिक्षा गर्न जरूरी छ ।' हेटौंडाको बस टर्मिनल छिटो बनाउन उहाँले निर्देशन दिए । हेटौंडा बजारको व्यवस्थित गरेर बाइपास सडक बनाउन आवस्यक रहेको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसबाट मकवानपुर क्षेत्र नम्बर–२ को (ख) मा निर्वाचित सांसद इन्द्र बहादुर बानियाँले हेटौंडाका सडक फराकिलो बनाउनुपर्नेमा जोड दिए । अहिलेपनि प्रदेशसभाका सदस्यहरू हेटौंडाको राजधानी सार्न लागिरहेकाले यसलाई विकास गरेर महानगर बनाउनुपर्ने वताए । कार्यक्रममा एमालेका तर्फबाट मकवानपुर क्षेत्र नम्बर–१ को (क) का सांसद एकालाल श्रेष्ठले हेटौंडामा तत्कालिन गर्नुपर्ने काम र दिर्घकालिन कामहरू निरन्तर गर्नुपर्ने बताए । विकासका लागि दलगत स्वार्थ भन्दा माथी उठेर काम गर्नुपर्नेमा जोड दिनुपर्ने उनको भनाइ थियो । मकवानपुर क्षेत्र नम्बर–१ को (क) का सांसद प्रेमबहादुर पुलामीले विकासमा सबैले एक ढिक्का भएर लाग्ने बताए ।

कार्यक्रममा प्रदेशसभाको तर्फबाट एमालेका समानुपातिक सांसद भारती पाठक, कांग्रेसका समानुपातिक सांसद लक्ष्मी श्रेष्ठ, मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्र देब पाण्डे लगायतकाले मन्तव्य व्यक्त गरेका थिए ।

# थाहानगरको फुर्केमा 'तमु ल्होसार' पर्व मनाइयो



◆ विकास संवाददाता

गुरूङ समुदायको नयाँ वर्ष 'तमु ल्होसार' पर्व हरेक १५ पुसमा मनाउने गर्छन् । यस अवसरमा गुरूङ समुदायले 'तो ल्हो' (बाघ वर्ग) को बिदाइ गर्दै 'हि ल्हो' (बिरालो वर्ग) को स्वागत गरेर भव्य रूपमा विविध कार्यक्रम गरेर थाहा नगरपालिका वडा नम्बर ५ को फुर्केमा मनाइइको छ ।

तमु ह्युल छोंज धिं गुरूङ राष्ट्रिय परिषद् इकाई समिति थाहा नगरपालिका वडा नम्बर ५ फुर्केको आयोजना तथा नेपाल तमु विद्यार्थी छोंज धीं जिल्ला कार्यसमितिको सहआयोजनामा कार्यक्रम भएको हो । तमु ह्युलका इकाई अध्यक्ष तथा केन्द्रिय सदस्य बल बहादुर गुरूङको अध्यक्षता तथा थाहा ५ का वडा अध्यक्ष बिष्णु बहादुर गुरूङको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । तमु ल्होसारको बारेमा र कार्यक्रमको उद्देश्यको बारेमा प्रष्ट पार्दै तमु विद्यार्थीका केन्द्रिय सदस्य अमृता गुरूङले 'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ नयाँ भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको बताउदै यस दिन गुरूङ समुदायले हर्षोल्लासका साथ आफ्नो भेषभुषा र नयाँ परिकार ग्रहण गरी नयाँ वर्षलाई स्वागत गर्ने तथा ुतमु ल्होसारु पर्व सूर्यको किरणसँग सम्बन्धित भएको बताइन् । गुरूङ समुदायको बाहुल्य रहेको नेपालको धेरै जिल्लाहरूमा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको बताइन् । उनले गुरूङ समुदायको संस्कृति तथा रहनसहन लाई पुस्तानान्तरण गर्दै लानुपर्नेमा जोड दिइन् ।

ल्होसारहरूमा तमु या तालो ल्होसार, सोनाम ल्होसार अनि ग्याल्बो ल्होसार पर्दछन् । गुरूङ परम्पराअनुसार वर्षका १२ महिनाहरू जनावरको आधार मा नामांकृत हुन्छन । यसपटक तमु (गुरूङ समुदाय) ले 'तो ल्हो' (बाघ वर्ग)को बिदाइ गर्दै 'हि ल्हो' (बिरालो वर्ग)को स्वागत गरेर भव्य रूपमा पर्व मनाएका हुन् । तमु ल्होसारको पहिलो दिन छागंकोल नामक पेय पदार्थ बनाएर ग्रहण गरिने र दोस्रो दिनलाई राजाको ल्होसार का रूपमा लिइन्छ । ल्होसारको मुख्य आकर्षण नै सामूहिक भेला, नाचगान, वर्षको सामूहिक समीक्षा तथा विमर्श आदि हुन्। बाँसको टोकरीमा राखेको सेलरोटी, तामा या पित्तलको भाँडामा राखेको अचार, तरूललगायतका कन्दमूल र मासु यो पर्वमा मनाइने थाहा ५ का अध्यक्ष विष्णु बहादुर गुरूङले बताए ।

ल्होसार चाड मनाउन युवा पुस्ताको उल्लेखनीय सहभागिता थियो । पर्व सँगै जातीय भेषभुषा, पहिचान, संस्कार र संस्कृति जान्न र बुझ्नका लागि पनि युवाहरूको सक्रियता बढेको गुरूङ राष्ट्रिय परिषदका केन्द्रिय सदस्य तथा इकाई अध्यक्ष बल बहादुर गुरूङले बताए । ल्होसार चाड सामूहिकरूपमा मनाउँदा नयाँ पुस्ता र अन्य समुदायलाई पनि चासोको विषय बनेको उनको भनाइ थियो । पुस १५ गतेको रात सबैभन्दा लामो हुने र यसपछिका रात घट्दै जाने भएकाले पनि यस पर्वको महत्व रहेको बताइन्छ । तामाङ र शेर्पा जातिको बसोबास भएको क्षेत्रमा भने माघ र फागुनमा यो पर्व मनाइन्छ ।

कार्यक्रममा तमु विद्यार्थीका केन्द्रिय सदस्य अमृता गुरूङ, ५ नम्बर वडाका निर्वाचित जनप्रतिनिधिहरू ईलाका प्रहरी कार्यालय पालुङ्का प्रमुख दुर्गा खनाल, तमु विद्यार्थीका जिल्ला कार्यसमिति सदस्यहरू, तमु समाजका जेष्ठ सदस्य गणेश बहादुर गुरूङ, थाहा नगरपालिका सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, पत्रकार शम्भु अधिकारीलगायतका उपस्थिति रहेको थियो ।

# थाहानगरमा लियो क्लब जिल्ला परिषद् ३२५ एम नेपालको परिषद बैठक

◆ विकास संवाददाता

लियो क्लब जिल्ला परिषद ३२५ एम नेपालको दोस्रो जिल्ला परिषद बैठकको १५ पुसमा थाहानगरको जेसिज हलमा भएको छ। परिषद् बैंठकको संचारकर्मी तथा साहित्यकार डाक्टर नवराज लम्सालले उद्घाटन गरे । जिल्ला परिषद ३२५ एमका अध्यक्ष सुशील भण्डारीको अध्यक्षतामा परिषद बैठक भएको हो ।

लियो जिल्ला परिषद ३२५ एम नेपालको आयोजनामा भएको बोर्ड बैठक लियो क्लब अफ थाहा तथा लियो कलब अफ थाहानगरको आतिथ्यतामा भएको हो । परिषद् बैठकको अवसरमा पिस परेड, स्थानीय कला संस्कृतिको प्रदर्शनी र दृश्यावलोकनका कार्यक्रमहरू पनि राखियको लियो क्लव अफ पिस थाहानगरका सन् २०२२/०२३ का अध्यक्ष निशा बिष्टले जानकारी दिइन ।

लायन्स क्लव अफ थाहा पिसको सौजन्यमा पाँच बर्ष अघि स्थापित सो क्लवले यसअघि पनि लियो क्लव जिल्ला परिषद आतिथ्यता गर्ने अवसर पाइसकेको छ। बैठकमा १७ वटा शाखाको आतिथ्य रहेको कार्यक्रम संयोजक कमल बिष्टले जानकारी दिए ।

समारोहमा लायन्स क्लव थाहाका सल्लाहकार तथा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीका विशिष्ट आतिथ्यता तथा जिल्ला परिषद सचिव दिक्षान्त प्रताप खाड, पुर्व जिल्ला परिषद् अध्यक्ष शेखर कार्की, जिल्ला परिषद् उपाध्यक्ष अस्विन खतिवडा, लायन्स क्लव अफ थाहाका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान, पूर्व अध्यक्षहरू, बिक्रम केसी, श्रीराम कार्की, उद्वव बिडारी, राममाया खत्री तथा लियो क्लव थाहाका संस्थापक अध्यक्ष अनिल बिष्ट, गणेश बिष्ट, अनन्त ढकाल, कमल विष्ट, प्रसान्त प्रधान, लियो क्लव थाहाका वर्तमान अध्यक्ष निशा बिष्ट, लायन्सका वर्तमान अध्यक्ष जयर ाम खत्री, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज खत्री, फरक सोचका अध्यक्ष यादव रायमाझी, पालुङ क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्रलगायतका अतिथिहरूको उपस्थिति रहेको थियो ।

**उपभोग्य वस्तु खरिद गर्दा उपभोग्य मिति हेरेर मात्र खरिद गरौं ।**
– विकास खबरपत्रिका

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN•FLEX PRINT•PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- बिभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

विकास
खबरपत्रिका साप्ताहिक
२०७९ पुस १८ गते सोमबार, 02 Jan. 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



# माओवादी थाहानगरका वडा इन्चार्ज र सहइन्चार्ज तोकिए

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र थाहानगरको विस्तारित बैठकले वडा इन्चार्ज तथा सहइन्चार्जहरू तोकेको छ । १३ पुसमा थाहानगरको विकास घरमा भएको बैठकले हालै सम्पन्न संघ तथा प्रदेशको निर्वाचनको समेत समिक्षा गरेको छ ।

विस्तारित बैठकले वडा नम्बर १ को इन्चार्ज रुपचन्द्र गोपाली, २ नम्बर को इच्छापुर्ण कार्की, इन्चार्ज, जानुका ढकाल सह इन्चार्ज, ३ नम्बर वडाको राजकुमार कार्की इन्चार्ज, कविता बिष्ट सहइन्चार्ज, ४ नम्बर वडाको यादव जंग रायमाझी इन्चार्ज, आरती तामाङ सहइन्चार्ज, ५ नम्बर वडाको राजकुमार केसी इन्चार्ज, ६ नम्बर वडाको दामोदर सुवेदी इन्चार्ज, श्यामसिं ठकुरी सहइन्चार्ज, ७ नम्बर वडाको दिपेन्द्र थिङ इन्चार्ज, इमान सिंह थिङ सहइन्चार्ज, ८ नम्बर वडाको टिकाराम रुम्बा इन्चार्ज, ९नम्बर वडाको संजय बलामी इन्चार्ज, १० नम्बर वडाको रमेश मगर इन्चार्ज, ११ नम्बर वडाको तोक्न बाँकी र १२ नम्बर वडाको नवराज वाइवालाई इन्चार्ज तोकेको छ ।

नेकपा माओवादी केन्द्रकी पोलिटब्युरो सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज कुमारी मोक्तानको उपस्थितिमा भएको बैठक भएको थियो ।




सो कार्यक्रममा नेतृ मोक्तानले देशमा भएको परिवर्तनको मुख्य एजेन्डा माओवादीको भएको दाबी गर्दै अबको सरकारले देशको समग्र विकासमा योगदान दिने बताइन् । विकास र समृद्धिको लागि माओवादीको नेतृत्व आवश्यक रहेकोले नै अहिले अध्यक्ष प्रचण्डको नेतृत्वमा सरकार गठन भएको बताउँदै मोक्तानले मंसिर ४ गते भएको प्रदेश र संघीय निर्वाचनमा पार्टीलाई विजयी गराउन एकजुट भएर लाग्ने सम्पूर्ण नेता कार्यकर्तालाई धन्यवाद व्यक्त गरिन् । उनले अबको सरकारले जनताको अवस्था परिवर्तन गर्ने उल्लेख गरिन् ।

थाहानगर कमिटी अध्यक्ष बिनोद कुमार लामाको अध्यक्षता भएको बिस्तारित बैठकमा नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य सन्तोष बिष्ट, बागमती प्रदेश सचिवालय सदस्य बिष्णु बिष्ट, प्रदेश कमिटी सदस्य लवशेर बिष्ट, इन्द्र बहादुर श्रेष्ठ, जिल्ला समन्वय समिति संयोजक सर्केस घलान, जिल्ला समन्वय समिती सचिव भिम पाख्रीन, जिल्ला समन्वय समिति सदस्य जयराम रायमाझी, अरूण रायमाझी, बिनायक गोले, सनम सिंह मोक्तान, वाइसीएल केन्द्रिय सदस्य अरूण मोक्तानलगायत जनवर्गीय संघसंगठनका प्रमुख वडा अध्यक्षहरूको उपस्थिति रहेको थियो ।

बैठकले नगर कमिटी अध्यक्ष बिनोद कुमार लामाले पेश गरेको राजनैतिक आर्थिक प्रतिवेदन अनुमोदन गरेको छ । पाटीको नगर बैठक अब सबै १२ वटै वडामा पालैपालो गर्ने निर्णय गरेको नगर कमिटी सचिव लक्ष्मण विष्टले जानकारी दिए ।

# थाहानगरले दुहुनो भैसीमा अनुदान दिने

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले भैसी पकेट क्षेत्र विस्तारको लागि दुहुनो भैसीमा अनुदान दिने भएको छ । पालिकाको पशु विकास शाखाले सूचना प्रकाशित गरी आर्थिक वर्ष २०७९/०८० का लागि अनुदान लिन चाहने कृषकहरूबाट निवेदन दिन आग्रह गरेको छ ।

वार्षिक स्वीकृत कार्यक्रम अनुसार दुहुनो भैंसी पकेट विस्तार कार्यक्रमका लागि कृषक समूह तथा कृषि सहकारी मार्फत दुहुनो भैंसी पकेट कार्यक्रम सञ्चालन भइरहेको क्षेत्रमा दुध तथा दुग्ध पदार्थबाट बन्ने परिकारहरूको उत्पादन बृद्धि तथा चिलिङ भ्याट सञ्चालन गर्नको लागी थप २० वटा दुहुनो भैंसी खरिदमा अनुदान दिने जनाएको छ । शाखाले १५ दिने निवेदन दिने म्याद राखेर १ पुसमा सूचना प्रकाशन गरेको हो ।

निवेदन दिदा किसानहरूले कार्यक्रम सञ्चालन भएको ठाँउको कृषक समूह तथा कृषि सहकारीको भैंसी पालन सम्बन्धी बैठकको निर्णय प्रतिलिपी, वडा कार्यालयको सिफारिस, कृषक समूह तथा कृषि सहकारीको दर्ता प्रमाण पत्र प्रतिलिपी तथा नविकरण, स्थायी लेखा नम्बर तथा कर चुक्ता प्रतिलिपी पेश गर्नुपर्नेछ

# थाहालाई पूर्ण खोप सुनिश्चितता घोषणाका लागि कार्ययोजना बन्यो




◆ विकास संवाददाता

स्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा थाहा नगरपालिकामा समिक्षा कार्यक्रम भएको छ । थाहा नगरपालिकाका वडाध्यक्ष, स्वास्थ्य संस्था प्रमुख, पालिकाका कर्मचारीहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको समेत उपस्थितीमा पालिकास्तरमा खोप कार्यक्रमको समिक्षा तथा खोप दिगोपना र सरसफाई प्रवर्द्धनका लागि योजना तयारी गोष्ठी भएको हो ।

कार्यक्रममा थाहा नगरपालिकाका स्वास्थ्य संयोजक मेघराज बलामी, वडाध्यक्षहरु तथा स्वास्थ्यकर्मीहरुको उपस्थिती रहेको थियो । सहभागीहरूलाई स्वास्थ्य कार्यालय मकवानपुरका खोप फाकल पर्सन बासुदेव रिमाललगायतकाले सहजीकरण गरेका थिए ।

सो अवसरमा थाहानगरलाई पूर्ण खोप सुनिश्चितता घोषणाका लागि कार्य योजना बनाइएको छ । कार्ययोजना अनुसार थाहानगरमा पुस महिनाभरीमा खोप सम्बन्धी सुक्ष्म योजना निर्माण गर्ने, माघमा वडास्तरीय खोप समन्वय समिति तथा वडाका खोप सम्बन्धी सरोकार वालाहरुबीचमा अभिमुखीकरण गरिने छ ।

नगरलाई पूर्ण खोप सुनिश्चितता घोषणाका लागि फागुन महिनामा समुदायमा खोजी गर्ने तथा चैत्रमा घर धुरी सर्भेक्षण गरिने स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए ।

२०८० वैशाखमा नगरलाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिने योजना बनाइएको प्रमुख बलामीले जानकारी दिए । वैशाख महिना खोप महिना पनि भएकोले यसै महिना छुटेका सबै बालबालिकालाई खोप लगाएर घोषणा गर्ने तालिका बनाइएको उनले बताए ।

# उत्कृष्ट हिमालयनका विद्यार्थीलाई सम्मान

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको हिमालयन इङ्लिस बोर्डिङ स्कुल थाहा नगरस्तरीय अन्तर मावि विज्ञान प्रदर्शनीमा प्रथम तथा जिल्लास्तरीय प्रतियोगितामा दोस्रो भएपछि विद्यालयले प्रदर्शनीमा सहभागी विद्यार्थीहरूलाई सम्मान गरेको छ । प्रतियोगितामा मिहिनतका साथ प्रदर्शनी सामाग्री तयार गर्ने विद्यार्थीहरूलाई १३ पुसमा एक कार्यक्रमको आयोजना गर्दै कदरपत्र सहित सम्मान गरेको हो ।

विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि आयोजना गरेको विज्ञान प्रदर्शनी कार्यक्रममा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत



गरेको विद्यालयका प्रिन्सिपल बाबुलाल कार्कीले बताए । विद्यालयका प्रिन्सिपल बाबुलाल कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष नारायण लामाको प्रमुख आतिथ्यता रहेको थियो।

सम्मान कार्यक्रममा विद्यालयका संस्थापक सानोभाइ कार्कीले कक्षागत उत्कृष्टतासँगै सिकेको ज्ञानलाई व्यवहार मै उतार्न यस्ता प्रदर्शनी तथा योजना प्रस्तुत कार्यक्रम फलदायी हुने बताए । उनले विद्यार्थीहरू सैद्धान्तिक शिक्षासँगै खेललगायत अतिरिक्त क्रियाकलापमा पनि अब्बल हुनुपर्नेमा जोड दिए । सम्मानित विद्यार्थी लाई प्रमुख अतिथी वडा नम्बर ४ का अध्यक्ष नारायण लामाले कदरपत्र प्रदान गरेका थिए । सो अवसर मा विषयगत शिक्षक बिक्रम मल्ललाई समेत सम्मान गरियको थियो । कक्षा ८ देखि १० सम्मका विद्यार्थीहरूले स्मार्ट सिटि प्रोजेक्ट बनाइ प्रदर्शनीमा सहभागी भएका थिए ।

# चित्लाङमा २७ पुसबाट जिल्लास्तरीय भलिबल प्रतियोगिता हुने

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङमा जिल्लास्तरीय भलिबल प्रतियोगिता हुने भएको छ । चित्लाङको स्वच्छन्द भैरव युवा क्लबको आयोजनामा यहि २७ पुसबाट प्रतियोगिता हुन लागेको हो । वगतका वर्षमा झै यस वर्ष पनि जिल्लास्तरीय भलिबल प्रतियोगिता गर्न लागेको क्लबका अध्यक्ष पुण्यमान बलामीले जानकारी दिए ।

भलिबल प्रतियोगिताको लागि टिम दर्ता यहि पौष २६ गतेसम्म गर्न स्वच्छन्द भैरब युवा क्लबका अध्यक्ष पुण्यमान बलामीले खेलाडी टिमलाई अनुरोध गरेका छन् । जिल्लास्तरीय भलिबल प्रतियोगिताका विजेताले नगद पुरस्कार सहित शिल्ड, मेडल र प्रमाण-पत्र प्राप्त गर्ने संस्थाका सचिव निर्मल विडारीले बताए ।

अध्यक्ष बलामीले यस प्रतियोगितालाई सफल बनाउन स्थानीयवासी, उद्योगी, व्यवसायीलगायत सबैसँगसाथ सहयोग गर्न आग्रह समेत गरेका छन् । पर्यटकीय स्थलको प्रचारप्रसार र प्रवर्द्धन गर्ने र खेलकै माध्यमबाट गाउँमा रहेका विकृति विसंगतीलाई हटाउँदै स्थानीय युवाहरूलाई सामाजिक क्षेत्रमा सक्रिय बनाउने लक्ष्य सहित प्रतियोगिता आयोजना गरिएको क्लबले जनाएको छ ।

चित्लाङमा वि.सं. २०५३ सालदेखि नै निरन्तर रूपमा भलिबल प्रतियोगिता संचालन गर्दै आइरहेको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदको घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
# विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७५३३००
२०७९ पुस १८ गते सोमबार, 02 Jan. 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


## कुण्डलदेवी बहुउद्देश्यीय सहकारीको नाफा ९ लाख नाघ्यो



◆ विकास संवाददाता

थाहा नगरपालिकामा संचालनमा रहेको कुण्डलदेवी बहुउद्देश्यीय सहकारी संस्थाको वार्षिक कारोवार ४ करोड २१ लाख पुगेको छ । संस्थाको लगानी ३ करोड रूपैयाँ पुगेको सहकारीले जनाएको छ । संस्थाको २२ औं साधारणसभाको अवसरमा प्रस्तुत प्रतिवेदनमा ९ लाख ३३ हजार खुद नाफा गर्न सफल भएको उल्लेख छ ।

सहकारी संस्थाले २६ पुसमा दामनमा सेयर सदस्यहरूको उपस्थितीमा साधारण सभा सम्पन्न गरेको छ । सभामा अध्यक्ष शिवकुमार खत्रीले छिटो छरितो भरपर्दो र विश्वसनिय सेवा प्रदान गर्दै संस्थाले कृषि पर्यटन, व्यापार, वैदेशिक रोजगार लगायतमा सेवा पुर्याउदै सहकारी अघि बढाउने प्रतिवद्धता व्यक्त गरे । संस्थाले उत्कृष्ट कारोवार गर्ने सदस्य तथा ज्येष्ठ सदस्यहरूलाई साधारणसभाको अवसरमा सम्मानित गरिएको छ । सम्मानित हुनेमा ज्येष्ठ नागरिकतर्फ सुनकुमारी थिङ, मान बहादुर भोम्जन र रमेश रायमाझी रहेका छन् । उनीहरूलाई सभाका प्रमुख अतिथी तथा ४ नम्बर वडाका अध्यक्ष नारायण लामाले दोसल्ला तथा सम्मान पत्र प्रदान गरे । त्यस्तै असल बचत तर्फ सीता लामा, राजन गोपाली तथा गंगालाल प्रधान सम्मानित भए भने उत्कृष्ट कर्जातर्फ मनश्याम बस्नेत, माइली गोले र ईश्वर प्रसाद ढकाल सम्मानित भए ।

संस्थाको सेयर पुँजी ७८ लाख २४ हजार पुगेको छ । सभामा थाहा नगर पालिका वडा नम्बर ३ का अध्यक्ष हिरेन्द्र रायमाझी, नगर कार्यपालिका सदस्य चन्द्रमाया बल, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको उपाध्यक्ष अरूण रायमाझी, शिखर बचतका अध्यक्ष मधुसूदन विष्ट, सहयोगी बचतका व्यवस्थापक मोहनमान श्रेष्ठ, मुक्तिनाथ हरियाली कृषि सहकारीको अध्यक्ष माधव कार्की, फरक सोचका अध्यक्ष यादव र ायमाझी, थाहा ४ नम्बर वडाका पुर्व अध्यक्ष दिपक सिंह लामा, थाहा कृषि सहकारीका सचिव केशव सुनार, पाथिभरा सहकारीका अध्यक्ष गोकर्ण बरूवाल, दामन चेली समाजकी अध्यक्ष जयन्ती रायमाझीलगायतका आतिथ्यता रहेको थियो ।

साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्ष शिवकुमार खत्री, लेखा समिती सदस्य कुमार नेगीले आर्थिक वर्ष २०७९/०८० को अनुमानित आय व्यय तथा वार्षिक कार्यक्रम र लेखा समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन सभाबाट पारित भएको छ ।

## पालुङ बहुमुखी क्याम्पसमा विद्यार्थी भेला

◆ विकास संवाददाता

त्रिभुवन विश्वविद्यालयले आगामि २८ फागुनमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन गर्ने तयारी गरेसंगै अनेरास्ववियु, मकवानपुरले जिल्लाका विभिन्न क्याम्पसहरूमा सांगठानिक गतिविधिलाई तिव्रता दिएको छ । यसक्रममा पालुङ बहुमुखी क्याम्पस थाहानगरमा विद्यार्थी भेला भएको छ ।

पालुङ बहुमुखी क्याम्पसमा भएको भेलाबाट दिलिप रूम्बाको अध्यक्षतामा १३ सदस्सीय क्याम्पस कमिटि गठन गरिएको छ । कमिटिको उपाध्यक्षमा स्वस्तिका बिष्ट, कृति थापा, सचिवमा रूपा बिष्ट, सह-सचिवमा सजन कार्की, सजना कार्की तथा पुष्पा जयसवाल, कोषाध्यक्षमा मेनुका देउलालगायत छन् ।

यसअघि अनेरास्ववियु, जिल्ला कमिटिको भदौ १७ गते तथा जिल्ला पदाधिकारीको भदौ २० गते भएको बैठकले आयोजक कमिटि गठन भएका क्याम्पस तथा पालिका कमिटिहरूलाई असोज ८ गतेभित्र अधिवेशन गर्न तथा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको आवश्यक तयारी गर्न निर्देशन गरेको थियो भने पालुङ बहुमुखी क्याम्पसमा अनेरास्ववियुको २७ औं जिल्ला अधिवेशन अघि आयोजक कमिटी गठन गरिएको थियो ।

अनेरास्वयिु थाहानगर कमिटिका अध्यक्ष एवम क्याम्पस कमिटिका उपाध्यक्ष आयाम नापितको अध्यक्षतामा कार्यक्रम भएको हो ।

## भैंसी पकेट क्षेत्र विस्तारको लागी दुहुनो भैंसीमा अनुदान सम्बन्धी सुचना !

आ.व.२०७९/०८० को थाहा नगरपालिका पशु विकास शाखाको वार्षिक स्वीकृत दुहुनो भैंसी पकेट विस्तार कार्यक्रम अनुसार कृषक समूह तथा कृषि सहकारी मार्फत दुहुनो भैंसी पकेट कार्यक्रम सञ्चालन भइरहेको ठाँउमा दुध तथा दुग्ध पदार्थबाट बन्ने परिकारहरूको उत्पादन बृद्धि तथा चिलिङ्ग भ्याट सञ्चालन गर्नको लागी थप २० वटा दुहुनो भैंसी खरिदमा अनुदान दिने कार्यक्रम रहेको हुनाले उक्त कार्यक्रमको लागी सुचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति:२०७९/०९/१५ भित्र तपसिल अनुसारको कागजात सहित यस थाहा नगरपालिका पशु विकास शाखामा आवेदन पेश गर्नुहुनको लागी यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल:

१. कार्यक्रम सञ्चालन भएको ठाँउको कृषक समूह तथा कृषि सहकारीको भैंसी पालन सम्बन्धी बैठकको निर्णय प्रतिलिपी ।
२. वडा कार्यालयको सिफारिस ।
३. कृषक समूह तथा कृषि सहकारीको दर्ता प्रमाण पत्र प्रतिलिपी तथा नविकरण ।
४. स्थायी लेखा नम्बर तथा कर चुक्ता प्रतिलिपी ।

(नोटः कम्तिमा २० वटा दुहुनो भैंसीबाट दुध उत्पादन भइ चिलिङ्ग भ्याट सञ्चालनमा रहेको हुनुपर्ने छासाथै छनौटमा परेपछी अनुदान रकम नगरपालिकाको आर्थिक विकास समितीको निर्णय अनुसार सम्झौता गरिनेछ ।)

*थप जानकारीको लाागि: मो.न. ९८६५५०१८०१*

## थाहा नगरपालिका कृषि शाखाको सूचना !

यस थाहा नगरपालिका कृषि विकास शाखा इन्द्रायणीचौर मकवानपुरको आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार फलफुल दशक अन्तर्गत स्थानीय तहमा ओखर विरूवा रोपन कार्यक्रममा टर्की ओखरका कलमी विरूवा अनुदानमा वितरण हुने भएकोले तपसिलको दररेट अनुसार रकम निवेदनसाथ जम्मा गरी आवश्यक कागजातसहित रीत पूर्वक कृषक समूह, कृष, कृषि फर्म र कृषि सहकारीले २०७९/०९/२९ गतेसम्म कृषि विकास शाखामा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| तपसिलः | अनुमानित परल मूल्य | अनुमानित अनुदान मूल्य |
|---|---|---|
| १. टर्कीको कलमी ओखर | रू.६००/- | रू.३००/- |

*नोटः दररेट थपघट भए सोही अनुसार गर्ने/गराउने ।*

**आवश्य कागजातहरू:**

१. निवेदन १ प्रति , २. कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कम्पनी प्रमाणपत्रको प्रतिलिपी १ प्रति ३. कृषक समूह/कृषि सहकारीको बैठकको प्रमाणपत्रको प्रतिलिपी १ प्रति, ४. पान दर्ताको प्रमाणपत्रको प्रतिलिपी, ५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं !

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।
- झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी